नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विद्यालय शिक्षा सम्बन्धी गतिविधि-४६ (पूर्णाङ्क २५१)

## अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा आयोजित कविता प्रतियोगिताको लागि कविता आह्वान गरिएको

**श्री जो जस सँग सम्बन्धित छ।**

अन्तर्राष्ट्रिय साक्षरता दिवस (सेप्टेम्बर ८, २०२१) को सन्दर्भमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरको आयोजनामा साक्षरता र सिकाइ शीर्षकमा कविता प्रतियोगिता सञ्चालन गर्न लागिएको हुँदा सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालकहरू, अनौपचारिक प्रौढ तथा खुला विद्यालयमा अध्ययनरत प्रौढहरू र सामुदायिक सिकाइ केन्द्र मार्फत गठन भएका विभिन्न आयआर्जन समूहमा आवद्ध प्रौढहरूबाट प्रतिनिधित्व हुने गरी कविता प्रतियोगिताका लागि कविता आह्वान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ। प्रतियोगिताका नियम र मापदण्डहरू तपसिल बमोजिम रहेका छन्।

**तपसिल**

१. कविता गद्य वा पद्यको सिद्धान्तमा रही कम्तीमा १५० देखि बढीमा २०० शब्दसम्म देवनागरीमा हुनुपर्नेछ।
२. कविता अप्रकाशित भएको हुनुपर्नेछ। यदि कविता प्रकाशन भइसकेको जानकारी भएमा प्रतियोगिताको लागि मूल्याङ्कन गरिनेछैन।
३. प्रतियोगितामा सामुदायिक सिकाइ केन्द्रका परिचालक र आयआर्जन समूहका सहभागीहरूले सम्बन्धित सामुदायिक सिकाइ केन्द्रको सिफारिस पत्र र अनौपचारिक प्रौढ तथा खुला विद्यालयमा अध्यनरत प्रौढहरूले सम्बन्धित विद्यालयको सिफारिस पत्र सहित कविता पठाउनुपर्नेछ।
४. कविता शिक्षा तथा मानवस्रोत विकास केन्द्र, अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखाको इमेल ठेगाना section.nonformal@gmail.com मा २०७८ भाद्र १२ गते दिउँसो ५ बजेसम्म आइपुग्ने गरी पठाउनुपर्नेछ।
५. प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने कवितालाई क्रमशः रु. १५,०००/–, १०,०००/– र ७,०००/– नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ।
६. प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने कवितालाई अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा प्रकाशित हुने साक्षरता विशेषाङ्कमा समावेस गरिनेछ।
७. प्रतियोगितामा समावेश भएका कविताहरूको मूल्याङ्कनका लागि मूल्याङ्कन समिति शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा रहनेछ।

## अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाउने सम्बन्धमा अनुरोध

**श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै।**

**श्री स्थानीय तह, सबै।**

अन्तर्राष्ट्रिय साक्षरता दिवस (सेप्टेम्बर ८, २०२१) २०७८ भाद्र २३ गतेका दिन "Literacy for a human–centered recovery: Narrowing the digital divide" भन्ने नाराका साथ मनाउन लागिएको सन्दर्भमा तहाँ जिल्ला/स्थानिय तहमा जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्र (DCCMC)ले गरेको निर्णय तथा स्वास्थ्य सम्बन्धी मापदण्डहरू पालना गर्ने गरी जिल्ला/स्थानीय तहमा सामुदायिक तथा संस्थागत विद्यालयहरू, सामुदायिक सिकाइ केन्द्रहरू, क्याम्पसहरू, विभिन्न संघ संस्थाहरू, पत्रकार, नागरिक समाज, अभिभावकहरू, विद्यार्थी संघ/संगठनहरू, राजनैतिक दलहरू, अनौपचारिक प्रौढ तथा खुला विद्यालयहरूसँग समन्वय र सहकार्य गरी विभिन्न रचनात्मक तथा प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गरी मनाउनुहुन हार्दिक अनुरोध गर्दछौं।

## साक्षर घोषणा भएका / हुने क्रममा रहेका स्थानीय तहहरूको विवरण सम्बन्धमा

**श्री शिक्षा विकास तथा समन्वय इकाइ,**

**ताप्लेजुङ, सोलुखुम्बु, धनुषा, बारा, पर्सा, रौतहट, महोत्तरी, सर्लाही, सिराहा, सप्तरी, कैलाली, कन्चनपुर, डोटी, बाजुरा, बझाङ, मुगु, जुम्ला, कालिकोट, हुम्ला, डोल्पा, बाँके, कपिलवस्तु र काठमाडौं।**

अन्तर्राष्ट्रिय साक्षरता दिवस (२०७८ भाद्र २३) को अवसरमा प्रकाशित हुन लागेको साक्षरता दिवस विशेषाङ्कमा साक्षर घोषणा भएका स्थानीय तहरूको विवरण अद्यावधिक गर्नुपर्ने भएकोले तहाँ जिल्लाका स्थानीय तहहरूसँग समन्वय गरी साक्षर घोषणा भएका र घोषणा हुने क्रममा रहेका स्थानीय तहहरूको नामनामेशी विवरण तपसिल बमोजिमको ढाँचामा मिति २०७८ भाद्र ५ गते सम्ममा आइपुग्ने गरी यस शाखाको इमेल ठेगाना section.nonformal@gmail.com मा पठाइदिनुहुन निर्णायानुसार अनुरोध छ।

**तपसिल**

| जिल्ला | स्थानीय तहहरूको संख्या | साक्षर घोषणा भएका/हुने क्रममा रहेका स्थानीय तहहरूको नाम | घोषणा भएको/हुने मिति |
|---|---|---|---|
| | | | |

## वार्षिक एकमुस्ट अनुदानका लागि प्रस्ताव पेस गर्न छुट भएका विद्यालयहरूको विवरण पेस गर्ने सूचना।

**श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै।**

**तोकिएको आधार पुगेका सार्वजनिक विद्यालयहरू।**

प्रस्तुत विषयमा यस आ.व. २०७८/७९ को विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतको शिक्षक दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका सार्वजनिक विद्यालयहरूलाई एकमुस्ट अनुदान प्रदान गर्ने कार्यक्रम अन्तर्गत प्रस्ताव आह्वानका लागि तोकिएको ढाँचामा प्रस्तावना सहितको विवरण पेस गर्न लगाई वार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ को परिच्छेद २ बुँदा नं ३ अनुसार प्राथमिकताक्रम निर्धारण गरी गत आ.व. २०७७/७८ सम्म निरन्तर एकमुस्ट अनुदान पाइरहेका विद्यालयहरू बाहेक वार्षिक एकमुस्ट अनुदान पाउन योग्य (कक्षा १–५ मा शून्य दरबन्दी भएका) सार्वजनिक विद्यालयहरूको मात्र तपसिल अनुसारको ढाँचामा अनिवार्य रूपमा संक्षिप्त विवरणको Hardcopy र Softcopy यस केन्द्रको इमेल teachermgt.cehrd@gmail.com मा मिति २०७८ भाद्र मसान्तभित्र गतेभित्र पठाउन हुन यस केन्द्रको मिति २०७८।०४।२९ निर्णयानुसार अनुरोध छ।

**तपसिलः**

| विद्यालय कोड नं. | विद्यालयको नाम | ठेगाना गा.पा./ न.पा. वडा नं. | अनुमती प्राप्त मिति | सञ्चालित कक्षा | विद्यार्थी संख्या | शिक्षक व्यवस्थापनको स्रोत | भविष्यमा संघीय सरकारबाट शिक्षक दरबन्दी नलिने सर्त स्वीकार गरेको छ/छैन | विद्यालयको सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**नोटः** माथिका नयाँ एकमुस्ट अनुदानका लागि सिफारिस गरिने विद्यालयहरूको प्रस्तावित विवरण बाहेक निम्न विवरण समेत छुट्टै तयार गरी प्रगति विवरण सम्बन्धित स्थानीय तह र इकाइ मार्फत यस केन्द्रलाई पठाउन हुन।

१. गत आ.व. मा एकमुष्ट अनुदान प्राप्त गर्ने केही विद्यालययका नाम दोहोरिएका देखिएकोले त्यस जिल्लामा दोहोरिएका एकमुस्ट अनुदान प्राप्त गर्ने विद्यालयहरूको नामनामेसी र पूर्ण ठेगानासहितको विवरण र
२. गत वर्षसम्म नियमित रूपमा अनुदान पाएका विद्यालयहरूको नामनामेसी र पूर्ण ठेगाना सहितको विवरण।

## किशोरीहरूलाई आइरन फोलिक एसिड खुवाउनका लागि अनुरोध

**श्री सबै स्थानीय तह तथा विद्यालयहरू,**

आर्थिक वर्ष २०७८/०७९ को पहिलो चरणको आइरन फोलिक एसिड खुवाउने कार्यक्रम श्रावण, भदौ र असोज महिनामा सञ्चालन हुने भनी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाको च.नं. २१ मिति २०७८/०४/०७ को पत्रानुसार लेखी आएकाले १० देखि १९ वर्ष उमेर समूहका किशोरीहरूलाई भौतिक रूपमा कक्षा सञ्चालन भएकाहरूका लागि सम्बन्धित विद्यालयहरूबाट र भौतिक रूपमा कक्षा सञ्चालन नभएका विद्यालयहरूका किशोरीहरूले आफ्नो बसोबास रहेको घरबाट नजिकको महिला स्वास्थ्य स्वयंसेविका मार्फत आइरन फोलिक एसिड चक्की खुवाउन आवश्यक व्यवस्था मिलाउनु हुन अनुरोध छ।

## विद्यार्थीहरूको सिकाइ निरन्तरताका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अपिल

गत वर्षदेखि देश कोभिड १९ को महामारीबाट आक्रान्त भएको छ। यस विषम परिस्थितिमा पनि बालबालिकाको सिकाइलाई निरन्तर रूपमा सञ्चालन गरी शैक्षिक क्षति कम गर्नका लागि स्थानीय तहको अगुवाइमा विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक एवं नागरिक समाजबाट भएको प्रशंसनीय योगदानका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछौं। यस बीचमा शिक्षक महासंघ लगायतका केही संघसंस्था स्थानीय तह र विद्यालयका शिक्षकहरूले आ–आफ्नै पहलमा विभिन्न वैकल्पिक पद्दतिका माध्यमबाट शिक्षण सिकाइमा नयाँ आयाम समेत सञ्चालन भएका छन्। गत शैक्षिक सत्र नियमित समयावधिका अतिरक्त दुई महिना थप भई २०७८ जेठ मसान्तमा सम्पन्न भएको छ।

शिक्षा नियमावली नवौं संशोधन २०७७ का आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/११/०५ को निर्णय बमोजिम २०७८ असार १ गतेबाट विद्यालयका नयाँ शैक्षिक सत्र सुरु भई सञ्चालन भइरहेका छन्। नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको २०७७/७/१८ को निर्णयानुसार विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७ ले बालबालिकासँग सम्बन्धित स्रोत साधनको पहुँचको अवस्थाका आधारमा बालबालिकालाई देहाय बमोजिम ५ (पाँच) समूहमा वर्गीकरण गरी सोही अनुरुपको सहयोग प्रणालीको प्रवन्ध मिलाइएको छ।

**क) सबै किसीमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूह,**
**ख) रेडियो एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूह,**
**ग) टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह,**
**घ) कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी समूह,**
**ङ) इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूह।**

हालसम्म पनि कोभिड नियन्त्रणमा नआइसकेको र तेस्रो लहरको सम्भावना समेत विज्ञहरूबाट सार्वजनिक हुँदै आएको विद्यमान अवस्थामा विद्यार्थीहरूको सिकाइलाई निरन्तरता दिनु अपरिहार्य भएको छ। तसर्थ उल्लेखित वर्गीकरण अनुसार विद्यार्थीको अवस्था पहिचान गरी सिकाइ निरन्तरता व्यवस्था मिलाई विद्यार्थीको पढ्न पाउने हकको सुनिश्चितताका लागि सम्पूर्ण अभिभावक शिक्षक विद्यालय एवं स्थानीय तहहरूमा हार्दिक अपिल गर्दछौं। साथै सिकाइ निरन्तरताका लागि स्थानीय तहको नेतृत्वमा विद्यालयका प्रधानाध्यापक शिक्षक कर्मचारी अभिभावक लगायत सबै पक्ष परिचालित भई सहयोग पुऱ्याउन पनि हार्दिक अपिल गर्दछौं।
शिक्षा क्षेत्रमा काम गर्ने सरकारी एवं गैरसरकारी संघसंस्थाहरूले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित स्थानीय तहमा सम्पर्क गरी विद्यार्थीहरूको सिकाइ निरन्तरताका लागि सहयोग पुऱ्याउन अपिल गर्दछौं।

**वैकुण्ठ प्रसाद अर्याल**
**महा–निर्देशक**

## सूचीकृत हुनका लागि सूचना

**(सूचना प्रकाशन मिति : २०७८।०४।१३)**

यस केन्द्रद्वारा परिवर्तित सन्दर्भ अनुरूप विद्यालय शिक्षाका स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई पूरक सामग्रीको रूपमा ICT को प्रयोगमार्फत गुणस्तरीय श्रव्य तथा श्रव्यदृश्य पाठहरू उत्पादन गरी रेडियो र टेलिभिजनबाट प्रसारण गर्नका लागि कक्षागत र विषयगत विज्ञ शिक्षकहरूको सूची तयार गर्न लागिएको व्यहोरा जानकारी गराउन चाहन्छौं। कक्षा १ देखि १० कक्षासम्म शिक्षण गर्नका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातक तह र कक्षा ११ र १२ का लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी तालिम प्राप्त गरेका र विद्यार्थीहरूको स्तर, रूचि, उमेर समूह र क्षमता बमोजिम उत्प्रेरणा प्रदान गर्न सक्ने तथा विषयगत ज्ञान, सिप र कला कौशलसहित अन्तरक्रियात्मक शैलीमा ICT को प्रयोग गरी शिक्षण गर्नसक्ने देशभरका इच्छुक विज्ञ शिक्षकहरूले सूचीकृत हुन यही २०७८ साल भदौ १५ गतेभित्र रु. १०।– (दश) को टिकट टाँसी देहाय बमोजिम संलग्न गर्नुपर्ने विवरण आफैंले प्रमाणित गरी तोकिएको ढाँचामा निवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ। सूचीकृत हुन चाहने शिक्षकले सम्पूर्ण कागजातको स्क्यान कपि इमेल ठेगाना cehrdvirtualclass@gmail.com मा पठाउन वा केन्द्रमा आफैं आई निवेदन दिन सकिने छ।

**संलग्न गर्नुपर्ने विवरण** :

**१. नेपाली नागरिकता प्रमाण–पत्रको प्रतिलिपि,**
**२. स्थायी/अस्थायी शिक्षक नियुक्ति पत्रको प्रतिलिपि,**
**३. शैक्षिक योग्यता र तालिमका प्रमाण पत्रको प्रतिलिपि,**
**४. सम्बन्धित कक्षा र विषय शिक्षण गर्दै आएको विद्यालयबाट प्रमाणित गरिएको पत्रको प्रतिलिपि।**

यस केन्द्रमा सूचीकृत भएका शिक्षकहरूले यस वर्ष पनि नवीकरण हुन चाहेमा तोकिएको ढाँचामा निवेदन दर्ता गराउनुपर्नेछ। यस सम्बन्धमा थप जानकारीका लागि ९८५१२२६९९५, ०१–६६३८१५०, ०१–६६३०४५७ मा फोन सम्पर्क गर्न सकिनेछ। निवेदनको ढाँचा केन्द्रको वेवसाईट cehrd.gov.np बाट प्राप्त गर्न सक्नुहुनेछ।

## विद्यालय भवन निर्माण/ Retrofitting विवरण पठाउने सम्बन्धी अनुरोध।

आर्थिक वर्ष २०७७/०७८ मा निर्माण सम्पन्न भएका चार कोठे भवन एवं पुनर्सवलीकरण (Retrofitting) गर्ने कार्य सम्पन्न भएका विद्यालयहरूको विवरण देहायको ढाँचामा cehrd.ss@gmail.com मार्फत पठाई दिनुहुन अनुरोध छ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना (स्थानीय तह, वडा नं.) | विद्यालय कोड | चारकोठे/ Retrofitting मध्ये कुन हो, खुलाउने |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**पुनश्च**: निर्माण सम्पन्न विद्यालयको फोटो Attached गरी पठाउनुहुन।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

## टेलिभिजन तथा रेडियो एफ्.एम.बाट प्रसारण हुने श्रव्यदृश्य एवम् श्रव्य पाठ प्रसारण सम्वन्धी जानकारी

### १. श्रव्यदृश्य पाठ प्रसारण सम्बन्धी जानकारी :

पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा १–८ का विषयगत श्रव्यदृश्य पाठहरू नेपाल टेलिभिजनको NTV+ च्यानलबाट शनिबार बाहेक हरेक दिन बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। त्यसैगरी कक्षा १–१० का विषयगत श्रव्यदृश्य पाठहरू Dish Media Network Ltd. को Dishhome, NITV Streamz Pvt. Ltd. को NET TV, Mega Max TV Pvt. Ltd. को Max TV, Divine Stream Network Pvt. Ltd को Mero TV र Subisu Cablenet (P). Ltd को Clear TV को विद्यालय शिक्षा (School Education) च्यानलबाट शनिबार बाहेक हरेक दिन बिहान ७ बजेदेखि बेलुकी ९ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्।
श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिने व्यवस्था मिलाइएको छ।
कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू यस केन्द्रको Youtube Channel,www.youtube.com/ncedvirtual बाट आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार हेर्न सकिनेछ।
केन्द्रको Youtube Channel मा कक्षा १ देखि १० सम्मका १६०० भन्दा बढी विषयगत श्रव्यदृश्य पाठहरू समावेश गरिएका छन् भने १ लाख ३० हजारभन्दा बढी Suscribers रहेका छन्। यस च्यानलका ९० लाखभन्दा बढी Views रहेका छन्। हाल प्रतिमहिना ९ लाखभन्दा बढी विद्यार्थीहरूले ४८ हजार घन्टाभन्दा बढी समय उक्त च्यानलको प्रयोग गरेका छन्। सम्बन्धित विद्यार्थी तथा शिक्षकहरूले उक्त च्यानललाई Suscribe गरी र Bell Icon मा click गरी नयाँ Video हरूको Notification पाउन सक्नुहुनेछ।
यस केन्द्रको शिक्षाको चौतारी (Education Portal), Learning.cehrd.edu.np मा प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्मका विषयगत डिजिटल अन्तर्क्रियात्मक सिकाइ सामग्रीहरू (Digital Interactive Learning Materials) को प्रयोग गरी लाभ लिनुहुन सम्बन्धित सबै विद्यार्थी तथा अभिभावकलाई अनुरोध गरिन्छ। त्यसैगरी यस केन्द्रको पहलमा विकास गरिएको Mobile App, eClass Nepal आफ्नो मोबाइल (Android) मा Install गर्नुहुन र App मा समावेश गरिएका कक्षा १ देखि १० सम्मका शिक्षण पाठहरू, पाठ्यपुस्तक, नमुना प्रश्नपत्र आदि हेरी त्यसबाट लाभ लिनुहुन समेत अनुरोध गरिन्छ।